
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २४ गते आइतबार ❑ 8 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कार्यदलले शीर्ष नेतालाई बुझायो साझा कार्यक्रमको मस्यौदा

रासस
काठमाडौं, २३ पुस

सत्ता साझेदार दलकातर्फ कार्यदलले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदा सत्तारुढ दलका शीर्ष नेतालाई बुझाएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार साँझ कार्यदलले मस्यौदा प्रतिवेदन बुझाएको हो । सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउने विषयमा सत्ता साझेदार दलले यही पुस १४ गते कार्यदल बनाएको थियो ।

कार्यदलमा नेकपा (एमाले) उपाध्यक्षसमेत रहनुभएका उपप्रधान एवं अर्थमन्त्री पौडेलको संयोजकत्वमा नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुन, राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री मुकुल ढकाल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट धवलशम्सेर राणा र



जनता समाजवादी पार्टीका रकम चेम्जोङ सदस्य हुनुहुन्थ्यो ।

कार्यदलले प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एमाले अध्यक्ष केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष सिके राउत, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता चौधरी श्रेष्ठलगायतका शीर्षनेताहरूलाई आफ्नो प्रतिवेदन बुझाएको हो ।

प्रतिवेदनमा सरकार सञ्चालनलाई प्रभावकारीरूपमा सञ्चालन गर्न सरकारका प्राथमिकता निर्धारण गरिनुका साथै सामाजिक न्याय, सुशासन र समृद्धिका क्षेत्रका विविध विषयहरू समेटिएको कार्यदलका सदस्य वर्षमान पुनले जानकारी दिनुभयो । शीर्षनेताले सो मस्यौदा बुझेपछि त्यसलाई आवश्यक अध्ययन गरेर सार्वजनिक गर्ने र त्यसलाई कार्यान्वयन गरिने बताएको छ ।

## संकटा क्लबले जित्यो आहा रारा पोखरा गोल्ड कपको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

संकटा क्लबले २२ औं संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिता २०७९ को उपाधि जितेको छ ।

पोखरा रंगशालामा शनिबार भएको फाइनल खेलमा अतिरिक्त समयको आधारमा संकटाले पहुना टोली अमेरीकाको भुटानी युथ स्पोर्टस क्लब (बिवाईएससी) लाई ३-२ को गोल अन्तरले पराजित गरी उपाधि सहित नगद १२ लाख पुरस्कार प्राप्त गर्‍यो ।

२०७७ सालको विजेता संकटाले आहा रारामा यो दोश्रो उपाधि जितेको हो । उक्त प्रतियोगितामा गत वर्षदेखि सहभागिता जनाउदै आएको बिवाईएससीले यसपाली फाइनलमा पुगेर पनि फाइनल खेलमा पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा उपविजेतामा सिमित हुनु पर्‍यो । ९० मिनेटको निर्धारित समयमा दुवै तर्फ २, २ गोलले खेल बराबरीमा पुगे पछि ३० मिनेटको अतिरिक्त समयमा लम्बिएको थियो ।




खेलको ८ मिनेटमा संकटाका सुरजज्यू ठकुरीले पहिलो गोल गरे । संकटाका मेसुकेले खेलको ३५ औं मिनेटमा गोल गरी आफ्नो टिमलाई २-० को अग्रता दिलाए । पाहुना टोली बिवाईएससीले खेलको ३७ औं मिनेटमा एक गोल गरे । बिवाईएससीका रेने शान्टोलिनले पहिलो गोल गरेका हुन भने पहिलो हाफको थपिएको ४ मिनेटको ३ औं इन्जुरी समयमा विलिसले गोल गरी खेल बराबरीमा पुराए । संकटाका सुनिल वलले खेलको १ सय १७ औं मिनेटमा गोल गरी आफ्नो टिमलाई जित दिलाए ।

फाइनल खेलमा संकटाका मेसुकेले म्यान अफ दी म्याच घोषित भए । फाइनल खेलमा करिब दश हजार दर्शक सहभागि भएका थिए ।

प्रतियोगितामा संकटाका सुनिल वल उत्कृष्ट खेलाडी घोषित भए । उनले एक थान इलेक्टिक स्कुटर पुरस्कार प्राप्त गरेका छन् । त्यसै गरी प्रतियोगितामा उत्कृष्ट स्टाइकर संकटाका स्टेफेन, उत्कृष्ट डिफेण्डरमा बिवाईएससीका हेक्टर, उत्कृष्ट मिड फिल्डरमा संकटाका आयुष धलान, उत्कृष्ट प्रशिक्षकमा संकटाका शल्यान खड्की घोषित भए । प्रतियोगितामा संकटाका मेसुकेले ४ गोल गरी सर्वाधिक गोलकर्ताको उपाधि जिते । पाहुना टोली बिवाईएससी सहित १० टिमको सहभागिता रहेको प्रतियोगितामा धरान फुटवल क्लव अनुशासित टोली घोषित भएको छ ।

प्रतियोगितामा उत्कृष्ट पाँच विधामा जनही २५ हजार, सर्वाधिक गोलकर्तालाई २५ हजार पुरस्कार प्रदान गरिएको थियो । विजेता भएको बिवाईएससीले ६ लाख पुरस्कार प्राप्त गर्‍यो । विजेता खेलाडीहरुको टोलीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ, एन्फाका अध्यक्ष पंकज नेम्वाङ, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ, हिमश्री फुड्स प्रालिका निर्देशकद्धय प्रकाश केसी र किरण केसी, नेपाल खेलकुद पत्रकार मञ्चका सचिव अन्जन खड्का, मञ्च गण्डकीका अध्यक्ष दीनमाथ बराल लगायतले पुरस्कार वितरण गरे । सहारा क्लवका अध्यक्ष हरिराम गुरुङ( सुरज) को अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

## पोखरा २८ ले विज्ञ तथा सरोकारवालाहरुसँग माग्यो सल्लाह तथा सुझाव

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

पोखरा महानगरपालिका २८ ले वडाको समग्र विकासको खाका निर्माणको लागी वडाका विज्ञ तथा सरोकारवालाहरुसँग सल्लाह तथा सुझावहरु लिएको छ ।

कार्यक्रममा पोखरा महानगरपालिकाका निर्वतमान मेयर मान वहादुर जिसीले ऋषि तथा तपोभुमि रहेको यस ठाँउको विकास निर्माण गर्न सवै उकजुट भएर लाग्नुपर्ने बताउदै पोखरा महानगरपालिका २८ ले विकासको खाका निर्माणको लागी वडाका विज्ञ तथा सरोकारवालाहरुसँग सल्लाह तथा सुझाव मागेर राम्रो काम गरेको बताए । नेपाली काग्रेस कास्कीका निर्वतमान सभापति कृष्ण केसीले पोखरा २८ को विकासको लागी कुनै दल,पार्टी नभनी वडालाई सवैले सयोग गर्न आग्रह गर्दै हिजो भएका विकास निर्माणका कार्यहरलाई निरन्तरता दिनुर्पने बताए । पोखरा महानगरपालिका २८ का निर्वतमान वडा अध्यक्ष निर्मल दियालीले विकाससँग जोडिएर विकटलाई विकाससँग जोडनुपर्ने बताउदै आफु हाल वडाअध्यक्ष नरहेतापनि महानगरपालिकाको कार्यपालिका



सदस्य तथा महानगरपालिकाको महत्वपुर्ण समितिमा रहेकोले वडाको विकासको लागी आफुले गर्नुपर्ने कर्तब्य निभाउने प्रतिबद्दता प्रकट गरे ।

बुद्धीजिवी तथा महानगरपालिकाका सल्लाहकार हरि प्रसाद त्रिपाठीले भेलमा वडाका गहन विषयमा छलफल भएको बताउदै वडाको पर्यटन प्रवद्धन,शिक्षा स्वास्थ्य,खानेपानी लगाएत सवै विकास निर्माणमा सवैले आफ्नो आफ्नो ठाँउबाट सयोग गर्न आग्रह गरे । डा. शान्ता कुमारी खत्री पौडेलले वडाले पहिलो पटक वडाका विज्ञ तथा सरोकारवालाहरुसँग सल्लाह तथा सुझाव मागेकोमा धन्यवाद दिदै आगामी दिनहरुमा पनि वडालाई आवश्यक सल्लाह तथा सुझाव लिन आग्रह गरीन ।

कार्यक्रममा पोखरा महानगरपालिका २८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछानेले वडाका सम्पुर्ण विज्ञ तथा सरोकारवालाहरुको सल्लाह तथा सुझाव अनुसार आफुले वडाको आगामी कामहरु गर्न चाहेको बताउदै यो ५ वर्षको लागी मात्र नभएर कम्तीमा १५ वर्षसम्मको कार्य योजना बनाएर काम गर्न चाहेको बताए ।

माधव ढकालले सन्चालन गरेको कार्यक्रममा वडा सदस्य डाल्लादेवी भुजेलले स्वागत मन्तव्य राखेकी थिइन भने कार्यक्रममा भुमि विज्ञ ऋषिरामलामिछाने,भुगोलविदनरेश पौडेल,डा.निर्मल लामिछाने,सुर्य भण्डारी,बैन वहादुर गुरुङ,सुर्य तिवारी,शुक्रराज अधिकारी,शंकर पौडेल, मोहन गुरुङ,लगाएत विभिन्न व्यक्तीहरुले सल्लाह तथा सुझावहरु दिएका थिए ।

## सरकारलाई सफल बनाइन्छ : अध्यक्ष ओली

रासस
काठमाडौं, २३ पुस

पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकारलाई सफल बनाइने बताउनुभएको छ ।

एमालेको संसदीय मामिला विभागले संसदीय अभ्यासबारे जानकारी गराउन शनिबार यहाँ आयोजना गरेको 'नेपालमा संसदीय प्रक्रिया तथा कानुन तर्जुमा' विषयक अभिमुखीकरण कार्यक्रममा उहाँले राजनीतिक, नीतिगत र व्यावहारिक हिसाबले सरकारलाई सफल बनाइने बताउनुभयो । "यो सरकारलाई सफल बनाउन चाहान्छौँ", अध्यक्ष ओलीले भन्नुभयो, "सरकारलाई हामीले उपयुक्त ढङ्गले मार्गनिर्देश गर्छौं ।

सरकारले सही नीति लेओस्, भ्रष्टाचार नगरोस् र सुशासन तथा विकास गरेर सक्रियताका साथ अघि बढोस ।" उहाँले यही पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मतसमेत पाउने बताउनुभयो ।

अध्यक्ष ओलीले संसद् अधिवेशन सुरु हुने दिन तथा प्रधानमन्त्री दाहालले विश्वासको मत पाउने दिन संसद् भवनमा समयमा नै प्रवेश गर्न सांसदहरूलाई निर्देशनसमेत दिनुभयो । एमाले संसदीय दलका नेतासमेत रहनुभएका अध्यक्ष ओलीले केही बाहिरी तत्वले अहिलेको सरकार ढाल्न खोजिरहेको उल्लेख गर्दै त्यो पूरा नहुने बताउनुभयो । उहाँले अहिलेको सरकारले छिमेकी देशसँग सुमधुर र पारस्परिक सम्बन्ध राखेर अगाडि बढ्ने बताउनुभयो ।

"हामी विदेशी हस्तक्षेप रुचाउँदैनौँ", अध्यक्ष ओलीले भन्नुभयो । उहाँले सांसदहरूलाई गर्नुपर्ने काम प्राथमिकतामा राखेर गर्नुपर्ने निर्देशन दिनुभयो । उहाँले संसद्को अभ्यासमा भाग लिन नभ्याउने तथा बाहिर बाहिर जानेजस्ता काम नगर्नसमेत सचेत गराउनुभयो । अध्यक्ष ओलीले जनताले अनुमोदन गरेर संसद् मा पठाएकाले सांसदहरूलाई जनताका पिरमर्काबारे संसद् मा आवाज उठाउन आग्रह गर्नुभयो । कार्यक्रममा एमाले संसदीय मामिला प्रमुख डा शिवमाया तुम्बाहाम्फेले नवनिर्वाचित सांसदले दलको निर्देशनलाई मानेर अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले संसद्मा खेल्नुपर्ने भूमिकालाई उल्लेखनीयरूपमा प्रस्तुत गर्नुपर्नेमा जोड दिनुभयो ।

विभागका सदस्य खिमलाल भट्टराईले संसद् मा एमालेको भूमिकालाई सांसदहरूले प्रभावकारी


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## प्रतिनिधिसभामा दलको भूमिकालाई सशक्त बनाउने कांग्रेसको निर्णय

रासस
काठमाडौं, २३ पुस

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सङ्घीय संसद्मा दलको भूमिका सशक्त र प्रभावकारी बनाउन एकताबद्ध भएर काम गर्ने निर्णय गरेको छ ।

सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा दलका नेता एवं पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकले त्यसका लागि तयारी गर्न सांसदहरूलाई निर्देशन दिएको पार्टीका मुख्य सचेतक रमेश लेखकले जानकारी दिनुभयो । "सिङ्गो पार्टी एकताबद्ध र एकढिक्का भएर प्रतिनिधिसभामा सशक्त भूमिका निर्वाह गर्ने निर्णय भएको छ", उहाँले भन्नुभयो । बैठकले नेपाली काँग्रेसलाई सबैभन्दा ठूलो दलका रूपमा प्रतिनिधिसभामा विजयी गराउनुभएकामा मतदाताप्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरेको छ । बैठकले पार्टीका नेता तथा कार्यकर्ताले दललाई हालको


बाँकी अन्तिम पृष्ठमा ▶▶

# मनुश्री/ भिग्नाजित अन्तर्राष्ट्रिय जुनियर टेनिसमा अयार्शलाई दोहोरो उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस




पोखरामा शनिबार सम्पन्न दोस्रो मनुश्री / भिग्नाजित अन्तर्राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा पोखराका अयार्शराज पौडेलले दोहोरो उपाधि जितेका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालास्थित टेनिस कोर्टमा सम्पन्न यू-९ र यू-१० ब्वाइज सिंगल्समा अयार्शले दोहोरो उपाधि जितेका हुन् । यू-९ तर्फको खेलमा अयार्शले इभान भट्टराईलाई पराजित गरेका थिए भने यू-१० तर्फ विश्व डल्लाकोटीलाई ६-४, ६-४ को सोझो सेटमा पराजित गर्दै उपाधि जिते । उपाधि संगै अयार्शले नगद ५ हजार र उपविजेता रहेका इभान र विश्वले गिफ्ट ह्याम्पर साथमा गिफ्ट ह्याम्परका साथमा मेडल र प्रमाणपत्र हात पारे । प्रतियोगिता अन्तर्गत नै सम्पन्न यू-१२ ब्वाइज सिंगल्सतर्फको फाइनल खेलको निर्णायक तथा अन्तिम सेटमा स्पन्दन उदास रिटायर्ड हर्ट हुँदा सन्दिप बिकले बाजी मारेका छन् । पहिलो सेट २-६ ले जितेका स्पन्दन दोश्रो सेटमा भने सन्दिप खेलमा फर्किदैं ६-१ ले आफ्नो पक्षमा पारे । दोश्रो सेट चलिरहँदा स्पन्दन घुँडाको चोटका कारण मैदान छोडेका थिए । सन्दिपले उपाधि संगै नगद रु ८ हजार र उपविजेता रहेका स्पन्दनले नगद ५ हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । यता गर्ल्स सिंगल्सतर्फ यू-१० को फाइनलमा साल्भी शेरचनले सारा पन्तलाई ६-०, ६-० को सोझो सेटमा पराजित गरी उपाधि जित्दा यू-९ तर्फको फाइनलमा भने साराले जिभाश्री भट्टराईलाई ४-१ र ४-२ ले पराजित गर्दै उपाधि जितिन् । प्रतियोगितामा ३७ जना खेलाडीहरुको सहभागिता रहेको प्रतियोगितामा गर्ल्सतर्फ १५ र ब्वाइजतर्फ २२ खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा सहभागि सबै भन्दा कान्छा उमेरका खेलाडी ४ वर्ष १० महिनाका सर्वज्ञजङ्ग खत्रीलाई गिफ्ट ह्याम्परबाट सम्मान गरिएको थियो ।प्रतियोगिताका विजेताहरुलाई प्रतियोगिताका मुख्य सहयोगी कास्की टेनिसका संरक्षक कुमार मोहन बहादुर शाही, नेपाल टेनिस संघका उपाध्यक्ष बिनोद कायस्थ, प्रतियोगिताकी संयोजक पृती बराल, टुर्नामेण्ट डाइरेक्टर राजन पौडेल, संघका उपाध्यक्ष नविन चालिसेलगायतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । सो अवसरमा बोल्दै संरक्षक शाहीले यूवा खेलाडी उत्पादनमा सहयोग पुग्ने हेतुले यो प्रतियोगितालाई सहयोग गरेको बताए । उनले खेलमा जित र हार भन्दा पनि सहभागिताले खेलाडीको मनोबल उच्च बनाउन सहयोग पुग्ने बताए ।

कास्की टेनिसका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा भएको समापन कार्यक्रममा नेपाल टेनिस संघका उपाध्यक्ष बिनोद कायस्थ संघका सचिव नविन श्रेष्ठले कास्की टेनिसको गतिविधि माथी प्रकाश पारेका थिए ।

# कपडा व्यवसायी एसोसिएसनको अध्यक्षमा श्रेष्ठ सर्वसम्मत

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस




कपडा व्यवसायी एसोसिएसन कास्कीको अध्यक्षमा गजेन्द्रमान श्रेष्ठ सर्वसम्मत चयन भएका छन् ।

शनिवार सम्पन्न एसोसिएसनको २१ औं साधारण सभा तथा ११ औं अधिवेशनले श्रेष्ठलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । यस्तै वरिष्ठ उपाध्यक्षमा लेखनाथ पौडेल, उपाध्यक्षमा रामचन्द्र तिमिल्सीना, महासचिवमा चोक बहादुर गुरुङ, सचिवमा पूर्ण बहादुर थापा र कोषाध्यक्षमा सुदर्शन बाटाजुलाई सर्वसम्मत चयन भएका छन् ।

एसोसिएसनको सदस्यहरूमा रजनी चापागाई, ममता गुरुङ, दीपेन्द्रराज आचार्य, मीनराज तिमिल्सीना, नारायण प्रसाद अधिकारी चयन भएका छन् । शनिवार नै बसेको नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले रोशन आचार्य र वीरेन्द्र आचार्यलाई सदस्यमा मनोनीत गरेको छ भने, बाबुलाल अग्रवाल र विकास भालोटियालाई आमन्त्रित सदस्यमा चयन गर्ने निर्णय समेत गरेको छ । यसअघि एसोसिएसनको २१ औं साधारण सभा एवं ११ औं अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले व्यवसायीका समस्याहरू प्रति आफू जानकार रहेको बताए । पोखरा महानगरपालिकाले यसअघि रहेको करको दरलाई घटाएको र व्यवसायमैत्री नीतिहरूको अवलम्बन गरेको उनले बताए । उनले भने, 'व्यवसायीका समस्याहरू प्रति म जानकार नै छु, त्यस हिसाबले पनि यहाँलाई थाहा नै होला, हामीले सम्पत्ति कर घटाएका छौं, व्यवसाय कर घटाएका छौं, विज्ञापन कर खारेज गरेका छौं, पार्किङ शुल्क खारेज गरेका छौं, यद्यपि पार्किङ विषयमा थप व्यवस्थापन गर्न बाँकी छ ।' महानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने व्यवसायीतक समस्याहरूको समाधानका लागि पोखरा महानगरपालिका प्रतिबद्ध रहेको प्रमुख आचार्यले बताए । 'हामीले अकी ठुलो काम पनि गरेका छौं, घर बहाल करको दरमा धेरै घटाइएको छ, १५ प्रतिशतबाट व्यक्तिको हकमा ४ प्रतिशत र व्यवसायीको हकमा ५ प्रतिशतमा घटाइएका छौं । प्रमुख आचार्यले भने, ४ प्रतिशतमा झर्दा पनि घरधनीहरूले तिर्दैनन भने त्यो कारबाहीका लागि योग्य हुन्छ ।' घर बहालमा बस्नेले नै तिर्नु पर्ने अवस्थाको अन्त्यका लागि पोखरा महानगरपालिका सचेत रहेको उनले बताए । घर बहालका सम्बन्धमा दुई थरी खाता राख्ने प्रवृत्तिको अन्त्य जरुरी रहेको उनले बताए ।

कार्यक्रममा मादी गाउँपालिका वडा नं.४ का वडा अध्यक्ष शिव प्रसाद सापकोटा, पोखरा उद्योग वाणिज्य सङ्घका कार्यसमिति सदस्य सुदि ओझा, पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष यमनाथ तिमिल्सीना र साँघुमुख महेन्द्र पुल बजार समितिका अध्यक्ष नवराज कोइराला लगायतले बोलेका थिए ।

रजत उत्सव समेत मनाएको एसोसिएसनले सो अवसरमा विभिन्न सम्मानहरू समेत प्रदान गरेको छ । पुराना व्यवसायी सम्मान सिलसिला इम्पोरियमका प्रोप्राइटर ध्रुव बाटाजु, महिला उद्यमी सम्मान रजनी चापागाईं र कपडा पत्रकारिता पुरस्कार युवा पत्रकार भीम थापालाई प्रदान गरिएको छ । एक दशक लामो समयदेखि पोखराको पत्रकारितामा क्रियाशील पत्रकार थापालाई नगद रु.११ हजार १ सय ११ सहित सम्मान पत्र र दोसल्ला प्रदान गरिएको हो ।

एसोसिएसनका अध्यक्ष विष्णु प्रसाद तिमिल्सीनाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत संस्थापक अध्यक्ष रामजी प्रसाद बास्तोला, धन्यवाद ज्ञापन निवर्तमान अध्यक्ष नवीन नापित र सञ्चालन महासचिव धर्ममान सिंह भण्डारीले गरेका थिए ।

# बृहत् वाम एकताका लागि माओवादीको पाँच सदस्यीय कार्यदल

रासस
काठमाडौं, २३ पुस

नेकपा (माओवादी केन्द्र)ले बृहत् वाम एकताका लागि उपाध्यक्ष कृष्णबहादुर महराको संयोजकत्वमा एक कार्यदल गठन गरेको छ ।

माओवादी केन्द्रको शनिबार बसेको केन्द्रीय कार्यालयको बैठकले महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवत्रय गिरिराजमणि पोखरेल, जनार्दन शर्मा र शक्तिबहादुर बस्नेत रहेको पाँच सदस्यीय कार्यदल गठन गरेको हो । बैठकले पार्टी अध्यक्षको नेतृत्वमा गठित सरकारका प्रधानमन्त्रीले यही पुस २६ गते प्रतिनिधिसभामा विश्वासको मत लिने कार्यतालिका रहेकाले त्यसका लागि प्रतिनिधिसभामा रहेका सबै दल तथा स्वतन्त्र सांसदलाई पार्टीका तर्फबाट आह्वान गर्ने निर्णय गरेको प्रवक्ता महराले जानकारी दिनुभयो ।

# वाम लोकतान्त्रिक गठबन्धन टुट्नुमा कांग्रेस जिम्मेवार : अध्यक्ष नेपाल

रासस
काठमाडौं, २३ पुस



पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले वाम लोकतान्त्रिक गठबन्धन टुट्नुमा नेपाली कांग्रेस जिम्मेवार रहेको बताउनुभएको छ ।

पार्टी निकट नेवा राष्ट्रिय सङ्घको शनिबार राजधानीमा अधिवेशनको उद्घाटनका क्रममा अध्यक्ष नेपालले नयाँ सरकार गठनका लागि नेतृत्वको विषयमा कांग्रेसले विगतको समझदारीबाट पछि हटेका कारण नयाँ परिस्थिति विकास भएको बताउनुभयो । उहाँले संवैधानिक तथा राजकीय पद बाँडफाँडमा कांग्रेसले गठबन्धनका सहयात्री दलको भूमिका र योगदानलाई महत्व नदिएर सबैमा दाबी गर्ने गैरराजनीतिक चरित्र प्रस्तुत गरेको उल्लेख गर्दै केही नेताको अहङ्कारले नयाँ ध्रुवीकरण भएको विचार व्यक्त गर्नुभयो ।

अध्यक्ष नेपालले निर्वाचनमा प्राप्त जनमतबाट राजनीतिक दलले पाएको शक्तिका आधारमा मुलुकको राष्ट्रिय राजनीतिमा जिम्मेवारी र भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले आफ्नो पार्टीको शक्ति केही कमजोर भएकाले अब देशभर सङ्गठन सुदृढीकरणमा क्रियाशील हुन नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो । "सरकारको साझा नीति तथा कार्यक्रमलाई अध्ययन गरेर मात्र पार्टीले विश्वासको मत दिने वा समर्थन नगर्ने विषयमा निर्णय गर्नेछ", अध्यक्ष नेपालले भन्नुभयो । पार्टीका जनवर्गीय सङ्गठन, स्थायी कमिटी र पोलिटब्यूरो बैठकबाट अहिले सरकारमा नजान र सङ्गठन निर्माणमा केन्द्रित हुन सुझाव आएको उहाँको भनाइ थियो । उहाँले छरिएर रहेका वाम शक्तिलाई एकताबद्ध गरी बलियो कम्युनिष्ट शक्तिको खाँचो रहेकाले त्यसको निर्माणका लागि केही दलसँग छलफल भइरहेको जानकारी दिनुभयो ।

## प्रतिनिधिसभामा...

भूमिकामा पुऱ्याउन योगदान दिएकामा पनि धन्यवाद दिएको छ । स्थानीय तहको निर्वाचनपछि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गरेकामा कांग्रेस नेतृत्वको निवर्तमान सरकारलाई आभार व्यक्त गरेको मुख्य सचेतक लेखकले जानकारी दिनुभयो । "निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी र सञ्चारगृहप्रति उच्च सम्मान प्रकट गरेको छ", उहाँले भन्नुभयो । बैठकले संविधानसभा सदस्य तथा पूर्वसांसद झुलबहादुर आले र मैयादेवी श्रेष्ठप्रति शोकप्रस्ताव पारित गरेको छ । कांग्रेसले प्रतिनिधिसभाको बैठक प्रारम्भ हुनुभन्दा पहिला केही महत्वपूर्ण जानकारी नवनिर्वाचित सांसदलाई दिनका लागि बैठक आयोजना गरेको हो । यही पुस २५ गते प्रतिनिधिसभाको बैठक बोलाइएको छ । पुस २६ गते प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मतका लागि प्रस्ताव पेस गर्नुहुनेछ । त्यसको प्रक्रिया के हुन्छ र कसरी हुन्छ भन्नेबारेमा कांग्रेसले आफ्ना सांसदहरूलाई जानकारी गराएको हो । सङ्घीय संसद्मा कांग्रेसले निर्वाह गर्ने भूमिका र त्यसका लागि गर्नुपर्ने तयारीका बारेमा समेत बैठकमा जानकारी गराइएको मुख्य सचेतक लेखकले बताउनुभयो ।

संसदीय दलको अर्को बैठक यही पुस २६ गते संसद् भवन बानेश्वरको ल्होत्से हलमा बस्नेछ । "विश्वासको मतको प्रस्तावका बारेमा त्यही बैठकबाट निर्णय हुनेछ", मुख्य सचेतक लेखकले भन्नुभयो, "हामी कुनै नयाँ गठबन्धन बनाउने र अहिलेको भत्काउने कामका लागेका छैनौँ ।" बैठकमा वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, नेता डा शेखर कोइरालालगायत पदाधिकारी एवं सङ्घीय संसद्का सांसद सहभागी हुनुहुन्थ्यो । निर्वाचनबाट कांग्रेसले प्रतिनिधिसभामा ८९ सिट जितेर सबैभन्दा ठूलो दल बने पनि प्रतिपक्षमा बस्नुपर्ने अवस्था छ ।

## सरकारलाई...

बनाउनका लागि अभिमुखीकरण गरिएको बताउनुभयो । उहाँका अनुसार दुई दिनसम्म चल्ने अभिमुखीकरण कार्यक्रममा नेपालको संसदीय अभ्यास र संसदीय प्रणालीका बारेमा जानकारी गराइनेछ । कार्यक्रममा एमाले उपाध्यक्ष सुभासचन्द्र नेम्वाङले संविधान, संसदीय प्रक्रिया र सांसदको प्रभावकारी भूमिका तथा संसद् सचिवालयका सचिव सुदर्शन खड्काले सङ्घीय संसद् सचिवालय र सांसदको अन्तरसम्बन्ध, पूर्वमन्त्री माधव पौडेलले कानुनतर्जुमा प्रक्रियामा सांसदको भूमिका, प्रशासनविद् काशीराज दाहालले संसदीय समितिको प्रभावकारिता र सांसदको भूमिका तथा पूर्वसचिव शिशिर ढुङ्गानाले भौतिक तथा मानवीय विकासमा सांसदको भूमिकाका बारेमा प्रशिक्षण दिनुहुनेछ । अभिमुखीकरण आइतबारसम्म चल्नेछ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- विदुरनीति

**सम्पादकीय**

# सिद्धान्तमा एकता आवश्यक

नेपालका कम्युनिस्ट तथा बामपंथी दलहरू नमिल्दा त्यसको फाइदा गैर कम्युनिस्ट तथा बाम दलले लिएका छन।नेताहरूको जुँघाको लडाइँले गर्दा विचार सिद्धान्त नमिल्नेसंग गठबन्धन गर्दा प्रतिकूल नतिजा भोगेका छन । पाँच वर्षअघिको वामपन्थीहरू मिलेर चुनावमा जाँदा जनताले बहुमत दिएका थिए । पाँच वर्षपछि फुटेर जाँदा बहुमत गुमाउने अवस्था आयो । नेपाली उखान मुती पनि सकें दैलो पनि देखें जस्तो अवस्थामा छन । कम्युनिस्ट तथा बामपंथी दलहरूबीच ध्रुवीकरण हुनुपर्ने आवाज सुनिन थालेको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउन कम्युनिस्ट पार्टीको अगुवाइमा अन्य दलहरू सहमत भएकाले कम्युनिस्ट तथा वामपन्थीहरू मिल्न पार्टीहरूमा दबाब परेको छ। आपसमा जुद्धा के अवस्था हुन्छ भन्ने बुझेपछि वामपन्थीहरू बिचमा मोर्चा र पार्टी एकताको आवाज पनि सुनिन थालेको छ । सरकारको नेतृत्व गरेको संसदको तेस्रो दल नेकपा माओवादी केन्द्रले विभिन्न वामपन्थी दलरूसँगको एकताका लागि उपाध्यक्ष कृष्णबहादुर महराको नेतृत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको छ। कार्यदलमा महरासहित महासचिव देव गुरुङ, उपमहासचिव जर्नादन शर्मा 'प्रभाकर', सचिवहरू शक्ति बस्नेत र गिरिराजमणि पोखरेल रहेका छन् ।

पार्टी एकताका लागि माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाल समाजवादी पार्टीका अध्यक्ष डा.बाबुराम भट्टराईबीच बालुवाटारमा छलफल हुँदै आएका छन। 'कार्यदलले नेसपा मात्र नभएर एकीकृत समाजवादी पार्टी, नेत्र विक्रम चन्द नेतृत्वको नेकपा, नेकपा बहुमतलगायत सबै वामपन्थी दलहरूसँग एकताका लागि छलफल गर्नेछ ।' अनौपचारिक रुपमा कम्युनिस्ट पार्टी र वामपन्थी पार्टीबीच छलफल हुँदै आएका छन। प्रधानमन्त्री नियुक्त हुनुअघि पनि माओवादी केन्द्रले उपाध्यक्ष महरालाई विभिन्न कम्युनिस्ट तथा वामपन्थी दलका नेताहरूसँग संवादका लागि खटाइएको थियो ।

माओवादी केन्द्रको बैठकले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिनका लागि सबै दलहरूसँग अपिल गर्ने निर्णय पनि गरेको छ । प्रधानमन्त्री प्रचण्डले पुस २६ गते विश्वासको मत लिँदैछन् । त्यस्तै बैठकले माघ ११ गते स्थायी समिति बैठक र माघ १५ गते केन्द्रीय कमिटीको बैठक बोलाउने निर्णय गरेको छ। माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबीच चाँडै एकता हुने गरि छलफल भएका छन । चुनावअघि एकीकृत समाजवादीसंग पार्टी एकता संयोजन समिति बनाउने प्रचार भएको थियो। चुनावी परिणामले गर्दा नेपाल कम्युनिस्ट पार्टी एमालेको अगुवाइमा एकता वार्ता समिति बनाउनुपर्ने देखिन्छ। एकीकृत समाजवादीले पनि वामपन्थी दलहरूसँग एकताका लागि वार्ता समिति गठन गरेको छ।एकीकृत समाजवादीले जनमतको कारण नेतृत्व गर्दा अन्य पार्टीका कार्यकर्ताले विश्वास गर्ने आधार देखिदैन।

एकीकृत समाजवादीले पार्टी एकताको लागि पहल गर्नुपर्नेमा कार्यकर्ताको आक्रोश कम गर्ने वार्ता टोली बनाएको छ । महासचिव वेदुराम भुसालको नेतृत्वमा उपमहासचिव गंगालाल तुलाधर र विजयकुमार पौडेल सदस्य रहेको वार्ता टोली गठन भएको छ। उसको पहिलो प्राथमिकता कम्युनिस्ट भन्दा जसपासंग एकताका लागि शिर्ष नेता तहमा संवाद भएका छन । विचार भन्दा ईगोका कारण नेताहरूले कार्यकर्ताको भावनालाई बुझ्न सकेका छैनन् । चुनावी परिणामले सबैको हैसियत देखाएको हुँदा अब ठण्डा दिमागले सोचेर कदम चाल्नु बुद्धिमानी हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# जसपाले सरकारलाई विश्वासको मत दिने

रासस
काठमाडौं, २३ पुस

जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई विश्वासको मत दिने भएको छ।

सत्ता साझेदार दलहरुको कार्यदलले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदामा नागरिकता समस्या समाधान र सुशासनको प्रत्याभूति जस्ता विषय समावेश गरेपछि सरकारलाई विश्वासको मत दिने निर्णय भएको प्रवक्ता मनिष सुमनले जानकारी दिनुभयो।

शनिबार एक विज्ञप्ति जारी गर्दै जसपाले गठबन्धनको तर्फबाट मस्यौदा गरिएको न्यूनतम साझा कार्यक्रमको खाकामा पार्टीको राजनीतिक समितिको बैठकबाट सरकारमा सहभागी हुनका लागि राखिएका दुई वटा सर्तहरू समेटिएको भन्दै विश्वासको मत दिने बताएको हो।

कार्यदलले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदा सत्तारुढ दलका शीर्ष नेतालाई आज बुझाएको हो । प्रतिवेदनमा प्रभावकार िरूपमा सरकार सञ्चालनका लागि प्राथमिकता निर्धारण गरिनुका साथै सामाजिक न्याय, सुशासन र समृद्धिका क्षेत्रका विविध विषय समेटिएको छ।

जसपाले पुस २७ गते पृथ्वी जयन्तीका दिन सार्वजनिक बिदा दिने विषयमा भने असहमति व्यक्त गरेको छ। प्रवक्ता सुमनका अनुसार आइतबार पार्टीको बैठक बसी सरकारलाई विश्वासको मत दिनेबारे औपचारिक निर्णय गर्नेछ।

# चरा गणना सुरु

रासस
भरतपुर, २३ पुस

नेपालमा आजदेखि चरा गणना सुरु भएको छ। राष्ट्रिय निकुञ्ज विभागको नेतृत्वमा हिमालयन नेचरले सबै राष्ट्रिय निकुञ्ज, सिमसार क्षेत्र र जलाशयमा चरा गणना गर्न सुरु गरेको हो।

गणनामा तीन सय ५० जना चरा विज्ञ र संरक्षणकर्मीको सहभागिता रहेको चरा गणनाका राष्ट्रिय संयोजक डा हेमसागर बरालले जानकारी दिनुभयो । उहाँका अनुसार तीन हप्ता चरा गणनाको काम हुनेछ । गणनाको क्षेत्र विस्तार हुँदै जाँदा पनि चराको सङ्ख्या बर्सेनि घट्दै जानु चिन्ताको विषय भएको उहाँले बताउनुभयो।

चराको गुणस्तर बासस्थानको अभाव, बासस्थान क्षेत्रमा भइरहेका विकास निर्माण, खेती बालीमा बढ्दो विषादीको प्रयोग र मानवीय क्रियाकलापले चराको सङ्ख्या बर्सेनि घट्दै गएको उहाँको भनाइ छ। हरेक क्षेत्रमा जस्तै जलवायु परिवर्तको प्रभाव पनि चराको बासस्थानमा परेको डा बरालले बताउनुभयो।

चितवनमा भने भोलिदेखि चरा गणना सुरु हुने वर्ड एजुकेशन सोसाइटी सौराहाका पूर्वअध्यक्ष वासु बिडारीले जानकारी दिनुभयो। पूर्वी चितवनमा वर्ड एजुकेशन सोसाइटी सौराहाको नेतृत्वमा र पश्चिम चितवनमा वर्ड एजुकेशन सोसाइटी मेघौलीको नेतृत्वमा चरा गणना हुनेछ । पश्चिम सेक्टर अन्तर्गत लोथर पुलदेखि कसरा पुलसम्म चराको गणना हुनेछ। जसमा चराको मुख्य बासस्थान रहेको दुङ्ग्री खोला, बूढीराप्ती खोला, लामी ताल, तमोर ताल, बरुण ताल, बिसहजारी ताल र राइनो तालमा चराको गणना गरिनेछ। यस्तै चितवन राष्ट्रिय निकुञ्जको नवलपुर क्षेत्रमा छुट्टै समूहमार्फत चरा गणना गरिनेछ।

नेपालमा पछिल्लो तथ्याङ्कअनुसार आठ सय ९२ प्रजातिका चरा छन् । जसमा दुई सय चरा पानीमा आश्रित छन् । चितवनमा मात्रै छ सय ५२ प्रजातिका चरा छन्।

# गर्भवतीलाई स्वास्थ्य परीक्षण भत्ता

पोखरापत्र संवाददाता
तनहुँ, २३ पुस

तनहुँको ऋषिङ गाउँपालिकाले गर्भवतीलाई प्रत्येक पटक स्वास्थ्य परीक्षण गराउँदा भत्ता दिने व्यवस्था गरेको छ । गाउँपालिकाको १३औँ गाउँसभाले गर्भवतीलाई स्वास्थ्य जाँच गराउँदा प्रत्येक पटक रु पाँच सय दिने निर्णय गरेको हो।

पालिकाभित्र गर्भवतीलाई स्वास्थ्य परीक्षण गराउन जाँदा लामो दूरीको अस्पताल पुग्नुपर्ने र आमा तथा बच्चाको स्वास्थ्य परीक्षण गर्न प्रोत्साहन गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले बताउनुभयो। "गर्भवती अस्पतालसम्म पुग्न मान्दैनन्, आमा र बच्चा स्वस्थ जन्मिनुपर्छ, त्यसैले प्रोत्साहनका लागि प्रयास गरिएको हो", उहाँले भन्नुभयो।

गर्भवतीले स्वास्थ्य परीक्षण गराएबापत उक्त रकम तत्काल उपलब्ध गराइने अध्यक्ष श्रेष्ठले बताउनुभयो । गर्भवतीले आवश्यक मात्रामा गर्भ परीक्षण नगराउँदा सुत्केरी हुने समयमा समस्या हुनसक्ने भएकाले जटिल समस्याबाट जोगाउन यस्तो निर्णय गरेर सहज बनाउने प्रयासमा रहेको उहाँले बताउनुभयो । निर्णय सर्वसम्मत पारित भइसकेकाले अब तत्काल कार्यान्वयनमा लगिने उहाँले बताउनुभयो।

यसका साथै गर्भवतीलाई सुत्केरी हुने समयमा अस्पतालसम्म पुर्‍याउन र घरसम्म ल्याउन आवश्यक परेमा गाउँपालिकाले निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने निर्णय पारित भएको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो। चालु आर्थिक वर्षको बजेट रु ६० करोड रहेको गाउँपालिकाले जनाएको छ। त्यसमा आन्तरिक स्रोततर्फ रु एक करोड ६० लाख रहेको प्रवक्ता दरैले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँसभामा पालिकाको कूल बजेट रु ६१ करोड ६० लाख रहेको छ।

# भूमिहीन भन्छन् : निस्सा पायौँ, लालपुर्जा कहिले पाउँछौँ ?

पोखरापत्र संवाददाता
दमौली, २३ पुस

तनहुँको म्याग्दे गाउँपालिकाले भूमिहीन सुकुम्बासी परिवारलाई निस्सा वितरण सम्पन्न गरेको छ। हरेक नेपालीलाई भूमिको अधिकार दिलाउने गरी अव्यवस्थित बसोबासी, भूमिहीन सुकुम्बासी र भूमिहीन दलितको लगत सङ्कलन गरी गाउँपालिकाले निस्सा वितरण गरेको हो।

अव्यवस्थितरुपमा बसोबास गर्दै आएका सुकुम्बासी परिवारहरू निस्सा पाएपछि लालपुर्जा पाउने आशमा खुसी देखिएका छन् । म्याग्दे गाउँपालिका-४ निवासी कल्पना नेपालीले भूमिहीन दलितको निस्सा पाएपछि अब जग्गा पाउने आश पलाएको बताउनुभयो । "भूमिको नाममा कहीँकतै केही नभएको निस्सा पाउँदा अब जग्गा नै पाउँछु भन्ने विश्वास लागेको छ", उहाँले भन्नुभयो, "निस्सा नभई रातो लालपुर्जा नै पाएजस्तो महसुस गरेको छु, अब सरकारले जग्गा दिनेमा विश्वस्त छु।"

सोही ठाउँ निवासी जुना थापा पनि निस्सा पाएपछि खुसी हुनुहुन्छ । "आफ्नो नाममा अहिलेसम्म जग्गा छैन, निस्सा वितरण गरेपछि जग्गा नापजाँच कार्य सुरु हुन्छ," उहाँले भन्नुभयो, "अब मेरो नाममा पनि जग्गा हुन्छ की त भन्ने आश जागेको छ।"

भूमिहीनलाई जग्गा दिलाउन पहिलो चरणको प्रक्रिया सुरु भएको म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो। निस्सा वितरणको आधारमा नै जग्गाको नापजाँचको कामलगायतका प्रक्रिया अगाडि बढाइने श्रेष्ठको भनाइ छ।

वर्षौंदेखि उपभोग गर्दै आएको जमिन आफ्नो नाममा नहुँदा निराश बनेका सुकुम्बासीलाई निस्सा भूमि प्राप्तिको आधार बनेको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो । निस्सा वितरण सुरुआत पहिला नै गर्न लागिएको भए तापनि निर्वाचनका कारण रोकिएको हुँदा ढिलो भएको घिमिरेले बताउनुभयो । म्याग्दे गाउँपालिकामा अव्यवस्थित बसोबासी एक हजार एक सय ५३, भूमिहीन सुकुम्बासी ६५, भूमिहीन दलित ८५ जनाले निस्सा प्राप्तिका लागि फारम भरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले बताउनुभयो। फारम भरेका सबैलाई निस्सा वितरण सकिएको प्रमुख प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिनुभयो।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका कारण रोकिएको जग्गा नापजाँचको काम तनहुँमा पुनः सुरु भएको छ । निर्वाचन आचारसंहिताका कारण रोकिएको जग्गा नापजाँचको काम पुनः सुरु भएको हो।

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित लिउतपाखा गाउँबाट जग्गाको नापजाँचको काम सुरु भएको कार्यवाहक वडाध्यक्ष कमलबहादुर मगरले जानकारी दिनुभयो । "जग्गा उपलब्धताका लागि निवेदन पेश गर्नुभएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच कार्य सुरु भएको छ", मगरले भन्नुभयो । जग्गा नापजाँचका लागि नापी कार्यालय तनहुँका सर्भेक्षक राजीव श्रेष्ठको नेतृत्वमा टोली परिचालन भएको छ। आँबुखैरेनी गाउँपालिका-३ कै मिलनटोलमा पनि जग्गा नापजाँचको कार्य सुरु भएको छ । भोगचलन गर्दै आएको ऐलेनी जग्गा उपलब्धताका लागि निवेदन पेश परेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच कार्य सुरु भएको वडाध्यक्ष दिनेश केसीले जानकारी दिनुभयो।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले लामो समयदेखि भूमिहीन र अव्यवस्थित बसोबासीका रुपमा रहेका सर्वसाधारणलाई लालपुर्जा प्रदान गर्नका लागि समयमै नापजाँच कार्य सम्पन्न गराउनुपर्ने बताउनुभयो। राष्ट्रिय भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारीले स्थानीय तहको समन्वयमा भूमिहीनलाई लालपुर्जा र अव्यवस्थित बसोबासीलाई व्यवस्थित बनाउने प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो।

गाउँपालिकाले जग्गा नापजाँच कार्यका लागि यसअघि नै निस्सा वितरण गरिसकेको छ । राष्ट्रिय भूमि आयोगका अनुसार हालसम्म शुक्लागण्डकी नगरपालिका-७, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका-१ र २, देवघाट गाउँपालिका-५ र व्यास नगरपालिका-१, २, ११, १३ मा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदनको निस्सा वितरण गरिएको छ।

जिल्लाका दश पालिकामा भूमिहीन दलित एक हजार एक सय आठ, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ जनाको निवेदन दर्ता भएको छ । जिल्लाको देवघाट गाउँपालिका-५ देउपुर टोल र शुक्लागण्डकी नगरपालिका-७ स्याउली बजारमा पनि जग्गाको नापजाँच कार्य जारी छ।

# कक्षाकोठा अभावमा खुला आकाशमुनि पठनपाठन

पोखरापत्र संवाददाता
बागलुङ, २३ पुस

भिरालो जमिन खारेर बनाइएको चौरको छेउमा काठले बारेको तीन कोठ अस्थायी टहरा । टहराको एउटा कोठामा कार्यालय र अर्का दुई कोठामा पठनपाठन। अन्य तीन कक्षा खुला आकाशमुनि । विद्यालयको प्राङ्गणमा कार्पेटमाथि चलिरहेको पठनपाठनको दृश्य बागलुङको जैमिनी नगरपालिकाभित्रको हो।

दृश्यमा देखिएको जैमिनी नगरपालिका-१० राङ्खानी किटेनीस्थित जनता प्राथमिक विद्यालयका विद्यार्थीले घाम ताप्नका लागि प्राङ्गणमा पठनपाठन गराइएको भने हैन। कक्षाकोठा अभावका कारण जनता प्राथमिक विद्यालयका विद्यार्थीले खुला आकाशमुनि पठनपाठन गर्न बाध्य छन्। बाढी पहिरोका कारण केही पर काफूले भन्ने स्थानमा रहेको विद्यालय भवन भत्किएपछि दुई वर्षअघि सार्वजनिक चौरमा विद्यालय सारिएको थियो । दुई वर्षदेखि अस्थायी छाप्रोमा समस्याका बीच पठनपाठन भइरहेको विद्यालयको केही कक्षा खुला आकाशमुनि पठनपाठन भइरहेको विद्यालयका प्रधानाध्यापक कृष्णकुमारी श्रीसले जानकारी दिनुभयो । "तीन वर्षअघि भिरालो जग्गामा भएको विद्यालय पहिरोको जोखिममा पर्‍यो, विद्यालयको चार कोठे भवन भासिएर पढाउनै सकिएन, पहिरोको समस्याले दुई वर्षदेखि विद्यालय नजिकैको सार्वजनिक चौरमा अस्थायी छाप्रोसहित पठनपाठन गर्न थालिएको हो, साघुँरा टिनको छाप्रोमा पढाउन निकै समस्या छ", प्रधानाध्यापक श्रीषले भन्नुभयो, "अहिले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत दुई कोठे विद्यालय भवन बनाउन अस्थायी छाप्रोको केही भाग हटाएपछि तीन वटा कक्षाका विद्यार्थीलाई प्राङ्गणमै पठनपाठन गराइन्छ । दुई वटा कक्षाका विद्यार्थीलाई अस्थायी टहरामै पठनपाठन गराइन्छ ।" विद्यालयमा १ देखि ५ कक्षासम्म ३१ विद्यार्थी अध्ययनरत छन्।

विद्यालयमा कक्षाकोठाको अभाव भएकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत तत्कालका लागि दुई वटा पक्की कक्षा कोठा बनाइने र अर्को वर्ष थप दुई कक्षा कोठा माग गरिएको छ । कक्षाकोठा बन्न समय लाग्ने भएपछि अझै एक वर्ष विद्यालयमा विद्यार्थीलाई पठनपाठन गराउन समस्या भइरहने विद्यालयल व्यवस्थापन समितिका अध्यक्ष पदम छन्त्यालले बताउनुभयो । "यो वर्ष दुई वटा कक्षा कोठा निर्माण हुन्छन्, थोरै विद्यार्थी भएकाले कक्षाकोठालाई बाँडेर पढाउन सकिन्छ तर त्यो असारसम्म बनिसक्नेछ।

त्यसबेलासम्म पुन अस्थायी छाप्रोमा विद्यार्थीलाई राखिन्छ", छन्त्यालले भन्नुभयो "विद्यार्थीलाई खुला आकाशमुनि पढाउनु हाम्रो रहर हैन, तत्कालै अस्थायी छाप्रो सार्नका लागि प्राङ्गणमा पढाइएको हो, पक्की भवन बन्ने स्थान खाली भएपछि अस्थायी छाप्रो अन्यत्रै बनाइन्छ।" छन्त्यालका अनुसार विद्यालयको भौतिक अवस्था नाजुक हुँदै गएपछि विद्यार्थीको सङ्ख्यामा समेत क्रमशः कमी हुँदै आएको छ । विद्यालयमा पक्की शौचालय निर्माण भइसकेको र शुद्ध खानेपानीको व्यवस्थापन भइसकेको छ।

जाडो याममा प्राङ्गणमा घाम ताप्दै पठनपाठन गराउन सहज भए पनि बर्खाको समयमा समस्या भएको विद्यालयका शिक्षक थम्मन श्रीषले बताउनुभयो । ठूलो पानी पर्दा अस्थायी टहरामै पानी पस्ने हुँदा पठनपाठन प्रभावित हुने गरेको छ । संयुक्त कक्षा सञ्चालन गर्न विद्यालय बाध्य भएको शिक्षक श्रीसले बताउनुभयो । विद्यालयको समस्या समाधानका लागि पक्की भवन निर्माण गर्न राष्ट्रपति शैक्षिक सुधारमार्फत बजेट आएर काम थाल्न लागिएको बताउँदै जैमिनी नगरपालिकाका नगर उपप्रमुख हरिहर शर्माले भवन बनेपछि कक्षा कोठाको अभाव टर्ने बताउनुभयो।

# कास्कीमा सहकारी : नियमन र प्रभावकारी व्यवस्थापनको खाँचो

-वासुदेव पौडेल
पोखरा, २३ पुस (रासस)

पोखरा महानगरपालिका-३० शिशुवामा रहेको चक्रदेवी बहुमुखी सहकारी संस्थाले कास्कीकै पुरानो सहकारीका रुपमा चर्चा कमाएको छ । नेपाली समाजमा सहकारीको विषयले राम्रोसँग जरा नगाडेकै अवस्थामा २०२४ सालमा जन्मेको उक्त संस्था स्थापनाको साढे पाँच दशक पार भइसक्दा यतिखेर जिल्लामा अनेकौ सहकारी सञ्चालनमा आइसकेका छन् । जिल्लाभित्र विभिन्न क्षेत्रसम्बद्ध सहकारीको सङ्ख्या हाल सात सय पाँच पुगिसकेको कास्की जिल्ला सहकारी सङ्घका अध्यक्ष सावित्रा कोइराला बताउनुहुन्छ । सहकारीका माध्यमबाट समाजमा सहकारीको जानकारी वृद्धिसँगै त्यसले व्यक्तिमा बचत गर्ने बानी बढाएको सहकारीकर्मी बताउँछन् । यसबाट नेतृत्व विकासमा टेवा पुगेको उनीहरूको तर्क छ ।

इतिहास केलाउँदा नेपालमा सहकारीको सुरुआत २००७ सालको राजनीतिक परिवर्तनपछि भएको देखिन्छ । देशमा २०१० सालमा सहकारी विभागको स्थापना भए पनि यसको व्यावसायिक र सङ्गठित थालनी भने २०१३ साल चैत २० गते चितवनको बखान सहकारी संस्थाको स्थापनापश्चात् भएको मानिन्छ । वीपी कोइराला नेतृत्वको प्रथम जननिर्वाचित सरकारले २०१५ सालदेखि नै सहकारीलाई लोकतान्त्रिक संस्थाको रुपमा अघि बढाएको हो । विसं २०१६ मा प्रथम सहकारी ऐन जारी भएकोमा २०१७ साल पुस १ गतेदेखि सुरु भएको निर्दलीय पञ्चायती व्यवस्थामा पनि सहकारीलाई अर्थतन्त्रको मेरुदण्डका रुपमा लिइएको थियो । विसं २०४६ को प्रजातन्त्रको पुनःस्थापना पश्चात् खुला बजारको वातावरणसँगै सहकारीका गतिविधि बढाउन थप सहज भएको थियो । विसं २०४८ मा मौजुदा कानुनी व्यवस्थाको खारेजीपछि जारी नयाँ ऐनमार्फत सहकारीलाई सर्वसाधारणको स्वतन्त्र मनसायबाट गठित सदस्यको लोकतान्त्रिक नियन्त्रणयुक्त संस्थाको रुपमा अघि बढाइयो ।

सहकारीको सात सिद्धान्तमा पनि स्वेच्छिक तथा खुला सदस्यता, सदस्यको आर्थिक सहभागिता, शिक्षा, तालिम र सूचना, समुदायप्रति चासो, सदस्यलाई प्रजातान्त्रिक नियन्त्रण, स्वायत्त र स्वतन्त्रता, सहकारीबीच पारस्परिक सहयोग उल्लेख गरिएको छ । कुनै निश्चित उद्देश्य प्राप्त गर्नको लागि मानिस मिलेर गरिने कुनै क्रियाकलापलाई सहकारी भनिन्छ । सहकारीका माध्यमबाट व्यक्ति व्यक्तिमा रहेका क्षमतालाई सामूहिकरुपमा उपयोग गर्दै अधिकतम लाभ लिने व्यावसायिक प्रणालीका रुपमा रहेको सहकारी पछिल्ला समयमा समाजको उन्नयनका लागि वरदान सावित भएको चक्रदेवी बहुमुखी सहकारी संस्थाका अध्यक्ष नवीन गुरुङको तर्क छ ।

"सहकारीका माध्यमबाट सामूहिक भावना अभिवृद्धिमा पनि ठूलो योगदान पुगेको छ", उहाँले भन्नुभयो, "व्यक्ति व्यक्तिमा रहेको सानो पुँजीको सङ्कलन र परिचालनले परम्परागतरुपमा चल्दै आएको साहु प्रथाको अन्त्य गर्नु यसको सबैभन्दा ठूलो उपलब्धि हो ।" कास्कीमा आजभन्दा ५५ वर्ष अघि २०२४ साल कात्तिक १६ गते चक्रदेवी सहकारी संस्थाका रुपमा सञ्चालनमा आएपछि हालसम्म नौ सय ८२ जना शेयर सदस्य रहेको गुरुङले जानकारी दिनुभयो । सुरुमा साझा पसलका रुपमा काम गरेको सहकारी आर्थिक वर्ष २०७७/७८ यता बचत तथा ऋणसमेतको कारोबार गर्दै आएको छ । हाल संस्थाको रु छ करोड शेयर पुँजी रहेको गुरुङले बताउनुभयो ।

सहकारीका माध्यमबाट त्यहाँका शेयर सदस्यको आर्थिक विकासलाई जोड दिनुपर्नेमा पछिल्ला समयमा सदस्यको आर्थिक क्षमता अभिवृद्धिभन्दा नाफामुखी प्रवृत्ति बढ्दा समस्या पर्ने गरेको उहाँको भनाइ छ । "सहकारी त्यसका सिद्धान्त एवं मर्मअनुरुप अघि नबढी सहकारी नभई बैंकजस्ता बन्नुले समस्या आएको छ", उहाँले भन्नुभयो ।

कास्कीका सात सय पाँच सहकारीमध्ये जिल्ला सहकारी सङ्घअन्तर्गत हाल चार सय १३ सहकारी रहेको सङ्घका अध्यक्ष कोइराला बताउनुहुन्छ । उहाँका अनुसार त्यसमध्ये बचतमा तीन सय ६४ सहकारी छन् । जिल्ला सङ्घअन्तर्गत कृषिमा एक सय ६२, बहुउद्देश्यीयमा ७३, उपभोक्तामा २०, दूधमा २६, कफीमा १४ र अन्य (महिला उद्यमी, मत्स्य, सञ्चार, ऊर्जा) मा ३९ सहकारी रहेको उहाँले बताउनुभयो ।

देशमा देखिएको आर्थिक तरलता अभावको असर सहकारी क्षेत्रमा प्रत्यक्ष परेको बताउँदै कोइरालाले हालसम्म जिल्लामा अन्यत्रजस्तो धेरै समस्या भने नदेखिएको बताउनुभयो । "पछिल्ला समयमा अन्यत्रजस्तो कास्कीभित्र धेरै समस्या भने आएको छैन, आएका समस्यामा हामीले अभिभावकीय भूमिका निर्वाह गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "सहकारीप्रतिको बढ्दो आकर्षणलाई कायम गर्न राज्यका तर्फबाट नियमनलाई प्रभावकारी बनाउँदै लैजानुपर्ने टड्कारो आवश्यकता छ।" सहकारीको सङ्ख्या बढ्दो क्रममा रहेका कारण समान उद्देश्य भएका सहकारीबीच एकीकरणलाई प्रभावकारी रुपमा अघिबढाउनुपर्नेउहाँलेबताउनुभयो।

सहकारीको बढ्दो सङ्ख्यासँगै यसलाई व्यवस्थित गर्न राज्यका तर्फबाट निरन्तर प्रयास जारी रहेको सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशका सूचना अधिकारी चोलाकान्त वाग्ले बताउनुहुन्छ । गण्डकी प्रदेशमा २०७६ सालमा सहकारी रजिष्टारको कार्यालय सञ्चालनमा आएसँगै प्रदेश मातहतका एक सय ५१ सहकारीलाई एकीकरण गरेर ५६ वटामा झारिएको उहाँले बताउनुभयो । सहकारीलाई व्यवस्थित गर्न गण्डकी प्रदेशमा सहकारी ऐन २०७५ र नियमावली २०७६ रहेको बताउँदै उहाँले सहकारीलाई त्यसको मर्म र सिद्धान्तअनुसार व्यवस्थित गर्न नसक्दा कतिपयमा समस्या आउने गरेको उल्लेख गर्नुभयो । कार्यक्षेत्रका आधारमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका मातहतमा सहकारी रहेका छन् । पछिल्ला समयमा आर्थिक तरलताको अभावको समस्या सहकारी क्षेत्रमा देखिएको गण्डकी प्रदेशका सहकारी रजिष्टार रमेश घर्ती बताउनुहुन्छ । केही समययता विभिन्न सहकारीमा बचत फिर्ता हुन नसकेका उजुरी समय समयमा आउने गरेको बताउँदै उहाँले गुनासोसँगै त्यसको समस्या समाधानको प्रयास गरिएको जानकारी दिनुभयो । सहकारी रजिष्ट्रारको कार्यालयमा लिखित उजुरी भने कमै आउँछ । उहाँले समस्या हेरी सम्बन्धित सहकारीको विशेष साधारणसभाबोलाउनसमेतलगाइएको उल्लेख गर्नुभयो ।

पछिल्ला समयमा कास्कीमा एकपछि अर्को गर्दै सहकारी थपिँदै गएका छन् । पोखरा महानगरपालिकाको वडा नं १७ मा मात्रै ६२ वटा सहकारी सञ्चालनमा आएको कास्की जिल्ला सहकारी सङ्घका कोषाध्यक्ष नबराज बरालले जानकारी दिनुभयो । कतिपय सहकारी देखासिकीकै कारण पनि टोलटोलमा एकपछि अर्को थपिँदै गएको उल्लेख गर्दै उहाँले राज्यले नियमनलाई प्रभावकारी बनाउँदै यस क्षेत्रलाई व्यवस्थित रुपमा अघि बढाउनु जरुरी भएको बताउनुभयो ।



बागलुङको जैमिनी नगरपालिका-७, जैदीस्थित अगुवा मौरीपालक किसान मोहोराजको घरमा व्यावसायिक रुपमा पालन गरिएको मौरी रेखदेख गर्दै उहाँकी बुहारी शर्मिला शर्मा । तस्बिर : खेमराज गौतम /रासस

# २९ वर्ष बालबालिकासँग, अहिले सुन्तलासँग रमाउँदै 'तारा'

पोखरापत्र संवाददाता
वालिङ, २३ पुस

विगत तीन दशक स-साना बालबालिकासँगै रमाउँदै आउनुभएकी तारा अर्यालको अहिले दैनिकी फेरिएको छ ।

बालबालिकाको सुनौलो भविष्यको मार्गचित्र कोर्नमा समय खर्चिंदै आउनुभएकी तारा अर्याल अहिले भने सुन्तलाको हेरविचारमा तल्लिन हुनुहुन्छ । स्याङ्जाको पुतलीबजार नगरपालिका-११ मायाटारीकी ६६ वर्षीया अर्यालले गाउँको नजिकै पोखरीचौरमा रहेको महेन्द्र देववाणी आधारभूत विद्यालयमा शिक्षिकाको रुपमा २९ वर्ष सेवा गर्नुभयो । शिक्षण पेसाबाट अवकाश हुनुभएकी अर्यालको अहिलेको दैनिकी सुन्तला बगैँचामै बित्ने गरेको छ । विद्यालयमा जसरी बालबालिकालाई माया गरेर शिक्षा दिइयो त्यसरी नै सुन्तलाका बोटलाई स्याहारसुसार नियमित गरेकै कारण पनि आम्दानीको मुख्य स्रोतको रुपमा सुन्तला भएको उहाँ बताउनुहुन्छ ।

घरको आँगन, डिल तथा आसपासका बारी तथा कान्लामा सुन्तला लटरम्म फलेका छन् । घर वरिपरि रहेको सुन्तला बगैँचा पहेँलपुर छ । झट्ट हेर्दा जोकोही पनि मन आनन्दित र प्रफुल्लित हुने गर्छ । विगत वर्षको तुलनामा यस वर्ष सुन्तला अत्यधिक फलेकाले पनि बोटले फल धान्न नसकेर हाँगा लाछिएका छन् । केही बोटलाई एक दुई वटा टेका दिइएको छ । सुन्तला पाक्न थालेसँगै बर्सेनि यहाँ व्यापारी बगैँचा नै ठेक्का लिन आउने गरेका छन् ।

यस वर्ष पनि उहाँले ठेक्कामार्फत रु चार लाखको सुन्तला बिक्री गरिसक्नुभएको छ। बाँकी सुन्तला अहिले बोटबाट नै फुटकररुपमा बिक्री भइरहेको छ । पुतलीबजारको जैँसीडाँडामा शीतभण्डार सञ्चालनमा आएसँगै यहाँका सुन्तला उत्पादक किसानले सुन्तला भण्डारण गर्ने गरेका छन् । अहिले प्रतिकेजी रु ९० देखि सयमा बिक्री हुँदै आएको सुन्तलाको मूल्य बढी पार्न शीतभण्डारमा राख्ने चलन बढ्दै गएको छ । अर्यालको सुन्तला बगैँचामा उत्पादन भएको सुन्तला स्थानीय बजारसहित पोखरा, काठमाडौँ, बुटवललगायतका बजारमा बिक्री हुँदै आएको छ ।

सुन्तलाको मूल्य बढी पार्न अहिले शीतभण्डारमा सुन्तला उहाँले राखिसक्नुभएको छ । "अहिले फुटकरमा प्रतिकेजी रु ९० देखि सयमा सुन्तला बिक्री हुन्छ", उहाँले भन्नुभयो, "दुई महिनापछि शीतभण्डारबाट झिकेर सुन्तला बिक्री गर्दा प्रतिकेजी झण्डै रु दुई सय पर्छ ।"

सुरुका वर्षमा सुन्तलाका बोट नै कम भएकाले उत्पादन थोरै भयो । आम्दानी पनि थोरै भयो । केही वर्षदेखि निरन्तर सुन्तला बिक्रीबाट रु २५ लाख आम्दानी हुँदै आएको अर्याल दाबी गर्नुहुन्छ । सुन्तलाका नयाँ बोट थपिएकाले आगामी वर्षबाट उत्पादन बढ्नेछ । अनि आम्दानी पनि स्वभाविक बढ्ने विश्वासमा उहाँ हुनुहुन्छ। विसं २०४२ मा दुई सुन्तलाका बोट रोपेको सम्झना उहाँलाई छ । परीक्षणका लागि रोपेका बोटले केही वर्षपछि राम्रो उत्पादन दिन सुरु गरेपछि उहाँ व्यावसायिकरुपमा अगाडि बढ्नुभयो । "सुरुमा रोपेका दुई वटा बोटबाट राम्रो उत्पादन भएपछि सुन्तलाको सम्भावना देखेर बर्सेनि बोट थप्दै सुन्तला बगैँचा विस्तार गर्दै गएँ", उहाँले भन्नुभयो, "अहिले सुन्तला बगैँचामा दुई हजार बढी सुन्तलाका बोट छन् जसमध्ये आधा बोटमा सुन्तला फलिरहेका छन् । आधा बोट नयाँ छन् ।" अर्यालले अझै दुई सय नयाँ बोट लगाउन तयारी गर्नुभएको छ । कूल ३६ रोपनी क्षेत्रफलमा अहिले सुन्तला बगैँचा फैलिएको छ ।

# भेडापालन छोडेर जनसेवामा

-डम्मर बुढा मगर
बागलुङ, २३ पुस (रासस)

आजभोलि दिनहुँजसो तमानखोला गाउँपालिकाको कार्यालय परिसरमा शिरमा निलो छातेटोपी, जीउमा हापदुला (भेडाको ऊनबाट बनेको कपडा) भिरेको युवा देखिनुहुन्छ । उहाँ गाउँपालिकामा आउने नागरिकलाई कार्यालयको ढोकैमा स्वागत गर्दै समस्या बुझ्ने र काममा सहयोग गर्नुहुन्छ । उहाँको कामले गाउँपालिका आउने सेवाग्राही पनि खुसी देखिन्छन् । उहाँ हुनुहुन्छ तमानखोला गाउँ कार्यपालिका सदस्य ढालेन्द्र छन्त्याल ।

छन्त्याल एक वर्ष अगाडिसम्म दर्जनौं भेडाबाखासँग लेक बेँसीमा भेटिनुहुन्थ्यो तर अहिले उहाँ गाउँपालिकाको कार्यालयमा भेटिनुहुन्छ । ३९ वर्षीय छन्त्याल गत स्थानीय निर्वाचन हुँदासम्म भेडी गोठाले हुनुहुन्थ्यो । स्थानीय निर्वाचनमा कार्यपालिका सदस्यमा निर्वाचित भएपछि उहाँ भेडापालन छोडेर राजनीतिमा होमिनुभएको छ । सानैदेखि राजनीतिमा चासो राख्ने छन्त्याल स्थानीय तह निर्वाचन २०७४ मा वडा सदस्यमा पराजित हुनुभएको थियो । वडा सदस्यमा हारेपछि छन्त्यालले निरन्तर भेडापालनमै होमिनुभयो । गत स्थानीय तहको निर्वाचनपछि जनताको सेवा गर्ने हुटहुटीले गर्दा व्यवसाय छोडेर राजनीतिमा होमिएको छन्त्याल बताउनुहुन्छ । उहाँले बाउबाजेले गरेको पेसालाई आफूले पनि निरन्तता दिँदै आएकोमा अहिले छाडेर राजनीतिमा लागेको बताउनुभयो । छन्त्यालले नेता कार्यकर्ताले यस पटक कार्यपालिका सदस्यमा आउन जोड गरेको र आफ्नो पनि रुचि भएको हुँदा भेडापाल्न छोडेर राजनीतिमा आएको बताउनुहुन्छ ।

उहाँले कार्यपालिका सदस्य भएपछि भेडा पाल्ने समय नहुँने हुँदा सबै बेचेर जनसेवामा लागेको बताउनुहुन्छ । छन्त्याल भन्नुहुन्छ, "मैले अघिल्लो वर्षसम्म थुप्रै भेडा पालेको थिए, भेडा लिएर धेरै टाढा-टाढासम्म पुग्ने गर्थे, अहिले कार्यपालिका सदस्य भएपछि पालिका आउँदा भेडा भोकै हुन्छन्, भेडा चराउन जाँदा पालिकाको काम छुट्ने हुँदा भेडा पाल्नै छोडेर यता लागेको छु ।" छन्त्याल स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट सदस्यमा निर्वाचित हुनु भएको हो । उहाँ हाल तमानखोला गाउँपालिकाको आर्थिक विकास समितिको संयोजकसमेत हुनुहुन्छ। तमानखोला गाउँपालिका-२ का छन्त्याल १६ वर्षकै उमेरमा विदेशिनुभएको थियो । कतार र दुबईमा आधा दशक बढी बिताएको छन्त्याल बताउनुहुन्छ । विदेशबाट आएर भेडापालनमा लाग्नुभएका छन्त्यालले अहिले जनताको सेवा गर्न पाउँदा खुसी लागेको बताउनुहुन्छ । "म सामान्य परिवारको मान्छे हुँ, गाउँमा गरिबी, अशिक्षा, बेरोजगारी छ, हाम्रो समाज विकासले पछाडि परेको अवस्था छ, यसलाई बदल्न म राजनीति गर्न थालेको हुँ, मलाई कुनै व्यक्तिगत स्वार्थ छैन, सुरुको चुनावमा के कमीकमजोरी भएछ, चुनाव जित्न सकिएन", उहाँले भन्नुभयो, "अहिले मलाई जनताले पत्याउनुभयो, सेवा गर्ने अवसर मिल्यो, इमान्दारिताका साथ काम गर्छु ।" उहाँले भेडापालनबाट वार्षिक रु पाँच लाखसम्म कमाउँदा नमिलेको खुसी अहिले आम्दानी नहुँदा पनि खुसी मिलेको बताउनुभयो । छन्त्यालका घरमा बुबाआमा, दुई छोराछोरी र श्रीमती हुनुहुन्छ । श्रीमतीले स्थानीय विद्यालयमा शिक्षण गर्ने हुँदा परिवार चलाउन त्यति समस्या नभएको छन्त्याल बताउनुहुन्छ । छन्त्याल भन्नुहुन्छ, "पहिले वार्षिक लाखौँ आम्दानी हुँदा पनि ठिकै थियो, अहिले आम्दानी छैन र पनि दैनिकी चलेको छ, मैले जनताको सेवा गरेको छु, समाज परिवर्तन गर्नुछ, आर्थिक अभाव त भइनै हाल्छ तर पनि व्यवस्थापन गर्ने हो ।" तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले छन्त्याल पालिकाको काममा सक्रिय भएर लाग्ने गरेको बताउनुभयो । छन्त्यालले पालिकाका योजना र कार्यक्रममा पहिलेदेखिनै चासो राख्ने र सहभागी हुँदै आएको भन्दै अहिले निर्णय गर्ने स्थानमा आइपुगेको अध्यक्ष बुढामगर बताउनुहुन्छ ।

"बेलाबेला पालिकामा आएर यहाँका योजना तथा कार्यक्रमका बारेमा चासो दिने र सोधखोज गर्ने गर्नुहुन्थ्यो", अध्यक्ष बुढामगरले भन्नुभयो, "उहाँको राजनीतिप्रतिको लगाव र चिन्तन बढी छ, पालिकामा भएको आफ्नो जिम्मेवारी अहिलेसम्म कुशलतापूर्वक गर्दै आउनुभएको छ, हामीहरू सिक्ने सिकाउने क्रममै छौँ ।" गाउँपालिकामा सेवा लिन आउनुभएका नरज रमाइलीले छन्त्याल जनताको सहयोगी बनेको बताउनुभयो । छन्त्यालले पालिकामा आउने सबै सेवाग्राहीलाई समान व्यवहार गर्ने गरेको रसाइलीको भनाइ छ । उहाँले भन्नुभयो, "सेवाग्राही सबै जाने बुझेका हुँदैनन्, उहाँले कुन शाखाको के काम हो, पालिकामा हुने हो की होइन, त्यो सबै बताइदिने र आफूले गर्ने काम भए छिटोछरितो गरी दिनुहुन्छ, उहाँको त्यो व्यवहार देख्दा अरु कर्मचारी र जनप्रतिनिधि यस्तै भए जनताले दुःख पाउँदैनथे होलाजस्तो लाग्छ ।"

# आदर्श सहकारीको सदस्य प्रशिक्षण तथा रमाइलो बनभोज कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

आदर्श बचत तथा ऋण सहकारी संस्था लि.पोखरा १३ आर्वाले संस्था स्थापनाको १६औ वार्षिकोत्सव विविध कार्यक्रम गरी मनाएको छ ।

संस्थाले शनिबार आफ्ना शेयर सदस्यहरुलाई सहकारी प्रशिक्षण तथा रमाइलो वनभोज' कार्यक्रम आयोजना गरी वार्षिकोत्सव मनाएको हो । मादी गाउँपालिका,वडानं ५ सुनपँदेली मा आयोजना गरिएको कार्यक्रममा सहकारी का संस्थापक अध्यक्ष कृष्ण प्रसाद बराल, सहकारीका अध्यक्ष राजेन्द्र प्रसाद बराल, सहकारीका ऋण परिचालन उप समिति संयोजक यज्ञ प्रसाद बराल तथा शिक्षा उपसमिति संयोजक घनश्याम बरालले सहकारीका विविध पक्ष बारे सदस्यहरुलाई प्रशिक्षण दिएका थिए ।

सो अवसरमा सहकारीका संस्थापक अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि कृष्ण प्रसाद बरालले आदर्श बचत तथा ऋण सहकारी संस्था लि को स्थापनादेखि हालसम्मका गतिविधि बारे प्रकाश पार्दै सहकारी स्थापना गर्दाको अवस्था र अहिले सहकारीले गरिरहेको प्रगति प्रति खुशी ब्यक्त गरे। उनले केही सिमित ब्यक्तिहरुको सानो लगानीमा स्थापना गरेर शुरु गरिएको सहकारी आज सयौं शेयर सदस्यहरुले करोडौं रुपयाँको कारोवार गरेको देख्दा आफु गौरवान्वित भएको महसुस गरे । 'सहकारी सञ्चालनमा सावधानी अपनाउँदै अगाडी बढ्नु पर्छ' भन्दै सस्थापक अध्यक्ष बरालले आदर्श सहकारी आज सयौं शेयर सदस्यहरुको आशा र भरोसाको केन्द्र बनेको उल्लेख गरे । 'कारोवार गर्दा नियमितता, अनुशासन र ईमान्दारीता अनि सहकारीको नियमलाई कुशलतापूर्वक कार्यान्वयन गरेमा जोखिमबाट मुक्त भईन्छ ।' उनको सुझाव थियो । प्रशिक्षण कार्यक्रममा सहकारीका अध्यक्ष राजेन्द्र प्रसाद बरालले हाम्रो सहकारीमा कारोवार गर्ने सबै शेयर सदस्यहरु आयस्रोत भयका पेशाकर्मी र ईमान्दार ब्यवसायी भयकोले सहकारीमा कुनै प्रकारको जोखिम नरहेको बताए। सदस्यहरुलाई उनले तपाईहरु सहकारीको नियम कानुन अनुसार चल्नुहोस् भन्दै बचत गर्दा र ऋण लिँदा नियमलाई टेकेर कारोवार गर्नु भयो भने हाम्रो सहकारी कहिल्लै पनी खराव नहुने प्रष्ट पारे। अध्यक्ष बरालले अनावश्यक खर्च गर्ने तडक भडक देखाउने, फजुल खर्च गर्दै नगर्नुले पनी हामी सक्षम भयको जानकारी दिय ।

उनले सदस्यहरुको एक एक पैसा सुरक्षित रहेको छ, तपाईंहरुले ढुक्क भयर कारोवार गर्न सक्ने बनाएका छौं भन्दै सहकारीमा कारोवार गर्दा सहकारीका विविध नियम सबैले अपनाउनु पर्नेमा जोड दिए । सहकारीका ऋण परिचालन उप समितिका संयोजक यज्ञ प्रसाद बरालले हामीले ऋण प्रवाह गर्दा गलत ब्यक्ती र अनुत्पादक क्षेत्रमा ऋृण परिचालन नगरेकै कारण हामी सुरक्षित रहेका छौं भन्दै सदस्यहरुले नियमीत ब्याज र कीस्ता अनिवार्य बुझाउने हो भने सहकारी संकटमा नपर्ने बताए। उनले सहकारीको अर्ध वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा स्थापना दिवस पारेर केक समेत काटिएको थियो भने सदस्यहरु बिच सुमधुर सम्बन्ध कायम गर्ने हेतुले रमाईलो बनभोज लगायत विविध मनोरञ्जनात्मक प्रस्तुतीहरु गरिएको थियो ।